## सामुदायिक वन उपभोक्ता महासंघको भूमिकाबारे
# भीमप्रसाद श्रेष्ठसँगको अन्तर्वार्ता

सामुदायिक वन उपभोक्ता महासंघ (महासंघ) देशभरिकै सबभन्दा ठूलो नागरिक समाज संस्थाको रुपमा स्थापित एक राष्ट्रिय स्तरको नेटवर्क संस्था हो । उक्त संस्थाको हालसम्मको संगठन बिस्तारलाई हेर्ने हो भने ६४ जिल्लामा अधिवेशन सम्पन्न भइसकेको, ८ जिल्लामा तदर्थ जिल्ला शाखा र २ जिल्लामा सम्पर्क मात्र स्थापित भएको स्थिति छ । हाल सम्ममा गठित १२,५०० मध्ये ८,००० उपभोक्ता समूहहरु महासंघमा आबद्ध भइसकेका छन् । महासंघले स्थापनाकालदेखि नै वन उपभोक्ताहरुको कानूनी हक अधिकार रक्षा गर्ने, उनीहरुलाई सुसूचित गर्ने काममा प्रमुख भूमिका खेल्दै आएको छ । तर हाल आएर महासंघ स्थानीय तहका उपभोक्ता समूहहरुको भावना अनुरुप चल्न नसकेको र यसका प्राथमिकता निर्धारणमा ग्रामीण क्षेत्रका उपभोक्ताका विचारहरुले स्थान नपाएको भन्ने जस्ता गुनासाहरु आउन थालेका छन् । यसै क्रममा यसै विषयमा केन्द्रित रहेर महासंघका केन्द्रीय अध्यक्ष श्री भीमप्रसाद श्रेष्ठसँग गरिएको संक्षिप्त अन्तरवार्ता यहाँ प्रस्तुत गरिएको छ ।

> हाम्रो मुख्य काम जहिले पनि उपभोक्ताको हक हितको रक्षार्थ गरिने वकालत नै हो । यसबाहेक हामीले गर्दै आएका सेवा प्रदान गर्ने खालका कार्यक्रमहरु नमूनाको रुपमा प्रस्तुत गर्न र त्यस सम्बन्धी विषयमा वकालतको सवाल थाहा पाउन तथा उपभोक्तालाई संगठित र सशक्त पार्न गरिएका हुन् ।

☞ **सामुदायिक वन उपभोक्ता महासंघ स्थापनाको मुख्य उद्देश्य के हो ?**

✍ वन ऐन २०४९ का सबल र कमजोर पक्षहरु केलाउन भनेर अधिराज्यका विभिन्न स्थानबाट भेला भएका उपभोक्ताहरुले वन ऐनले उपभोक्तालाई प्रदान गरेका अधिकारलाई रक्षा गर्न एवं थप अधिकार प्राप्तिको लागि उपभोक्ता समूहहरु एकताबद्ध हुनु पर्ने कुरा एक मनले राखे । यस पृष्ठभूमिमा महासंघ स्थापना हुनुको उद्देश्यहरुमा एकआपसको अनुभव साटासाट गर्ने वन ऐन २०४९ र वन नियमावली २०५१ अनुसार वनको व्यवस्थापन गर्ने काममा उपभोक्ताहरुको अधिकार र दायित्वबारे जन चेतना बढाउने, सामुदायिक वन नीति सहीरुपले कार्यन्वयन गराउनमा समर्थन जुटाउने तथा उपभोक्ताको पक्षमा वकालत गरी उनीहरुको हक हितको रक्षार्थ सक्रिय रहने रहेको छ ।

☞ **महासंघ केन्द्रले गर्दै आएका प्रमुख कामहरू के के हुन् ?**

✍ माथि भनिएका उद्देश्य प्राप्तिका लागि हालसम्म ३५ जिल्लामा समूह सेवा कार्यक्रम संचालन भएको छ । थप ३ जिल्लामा समूह सेवा कार्यक्रममा सहयोग गर्ने, ४ जिल्लामा महिला सशक्तिकरण कार्यक्रम, २ जिल्लामा जडीबुटी संरक्षण कार्यक्रम र अन्य ४ जिल्लामा सा.व. मा न्याय र सूचनाको हक कार्यक्रम संचालन गरिएको छ । यी कार्यक्रमको सिलसिलामा विभिन्न तालिम, गोष्ठी र अध्ययन भ्रमणहरु संचालन गरिरहेका छौं । यी कार्यक्रमहरु मुख्यतः वकालत सम्बन्धी कामहरु नै हुन् । समूह र जिल्ला तहको साथै राष्ट्रिय स्तरमा पनि सवाल अनुसार वकालतको काम गरिरहेका छौं ।

☞ **महासंघ केन्द्रले हालसम्म गरिआएका कार्यक्रमहरू यसको उद्देश्यसँग कतिको मेल खान्छन् त ?**

✍ हामीले गर्दै आएका कार्यक्रमहरु संस्थाको उद्देश्य प्राप्त गर्ने दिशामै केन्द्रित छन् । हाम्रो मुख्य काम जहिले पनि उपभोक्ताको हक हितको रक्षार्थ गरिने वकालत नै हो । यसबाहेक हामीले गर्दै आएका सेवा प्रदान गर्ने खालका कार्यक्रमहरु नमूनाको रुपमा प्रस्तुत गर्न र त्यस सम्बन्धी विषयमा वकालतको सवाल थाहा पाउन तथा उपभोक्तालाई संगठित र सशक्त पार्न गरिएका हुन् ।

☞ **सामुदायिक वन उपभोक्ता महासंघको मुख्य भूमिकामा उपभोक्ताको हक हितको रक्षा गर्न वकालत गर्नु पर्ने कुरा प्रमुख देखिन्छ । तपाईहरू यस काम बाहेक अन्य कामहरूलाई पनि प्राथकिता साथ उठाइरहनु भएको छ । यसबाट महासंघ आफ्नो बाटोबाट विचलित पो हुदै छ कि भन्ने गुनासाहरू आउन थालेका छन् नि ?**

✍ हाम्रो प्रमुख काम भनेकै वकालत हो । हामी त्यही गरिरहेका छौं । हामी वकालत तीन तहमा गर्छौं । पहिलो, उपभोक्ता समूहको तहमा जहाँ स्थानीय टाठाबाठाहरुको बोलवाला हुने गरेका उदाहरणहरु धेरै छन् । त्यस्तो ठाँउमा साधारण उपभोक्ता खासगरी गरीब र पिछाडिएका वर्गको हित रक्षा गर्ने तिर हाम्रो वकालत निर्देशित हुन्छ । दोस्रो, जिल्लास्तरको वकालत हो; यस अन्तर्गत कतिपय जिल्लाहरुमा हाम्रा साथीहरुले जिल्ला वन कार्यालयबाट वन उपभोक्ताहरुको हितमा आँच पुग्ने निर्णयहरु र क्रियाकलाप हुन नदिन आवश्यकतानुसारको वकालतको काम गर्नुहुन्छ । त्यस्तै तेस्रोमा केन्द्रीय स्तरमा नीति नियममा भएका त्रुटिहरु सुधार्न दबाव दिने, ऐन नियम मिचेर गरिएका निर्णयहरु सुधार्न न्यायको ढोका घच्घच्याउने काम पनि हामी गर्छौं ।

उदाहरणको लागि वन मन्त्रालयले सा.व. बाट बिक्री हुने पैदावारको मूल्यको ४०% श्री ५ को सरकारलाई बुझाउनुपर्ने भनेर निर्णय गरेको थियो । त्यो गैरकानूनी निर्णयलाई चुनौती दिदै हामी अदालतमा पुग्यौं । हामी सबै उपभोक्ताहरुको लागि यो गर्वको कुरा हो कि त्यो मुद्दा हामीले जित्यौं । अब उपभोक्ता समूहले श्री ५ को सरकारलाई बिक्रीको ४०% बुझाउनु पर्दैन । केन्द्रीयस्तरमा गरिने वकालतमा यो पनि एउटा हो ।

यसबाहेक हामी उपभोक्ताको आत्मवल र आत्मनिर्भरता बढाउन महिला सशक्तिकरण, आय मूलक कार्यक्रम विभिन्न विषयमा तालिम दिने जस्ता कामहरु पनि गर्छौं । यस्ता कामहरु देशभरका सबै उपभोक्ता समूहहरुमा गर्ने भन्ने हाम्रो उद्देश्य होइन । हामी त केवल नमूनाको रुपमा मात्र यी कार्यक्रमहरु गर्न चाहन्छौं र सानो क्षेत्रमा गरेका यी कार्यक्रमहरुको अनुभवबाट हामीलाई त्यस सम्बन्धी विषयमा विभिन्न तहमा गर्नुपर्ने वकालतको बारेमा पनि थाहा हुन्छ ।

☞ **हालसम्म गर्दै आएका कार्यहरूलाई फर्केर हेर्दा के कुरामा सुधार गर्नुपर्छ भन्ने लागेको छ ?**

✍ हामी गाँउस्तरमा पुग्न सकेका छैनौं । हामीले केन्द्रीय स्तरमा गरेका वकालत सम्बन्धी कामहरु समूहको स्तरसम्म पुग्न सकेका छैनन् । यसो हुनुमा हाम्रो सूचना प्रणाली कमजोर भएर पनि हो । हामी यसलाई क्रमिक रुपले सुधार्दै छौं । त्यसैले कहिलेकाही हामीलाई स्थानिय स्तरका उपभोक्ताले उपभोक्ताको पक्षमा काम भएन भन्ने गुनासाहरु पनि व्यक्त गर्दछन् । हाम्रो संस्थाको मूल आधार भनेकै उपभोक्ता समूहहरु हुन् । हामीले उपभोक्ता समूहको क्षमता बढाउने खालका कामहरुमा बढी केन्द्रित हुनुपर्छ ।